आज मिति २०८३ साल असार २२ गते बिहान ८:०० बजे यस रास्कोट नगरपालिकाका **नगर प्रमुख श्री धर्मराज शाही** ज्यूको अध्यक्षतामा तथा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको ६४ औं बैठक बसि देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

**तपशिलः**

| पद | नाम थर | हस्ताक्षर |
|---|---|---|
| नगर प्रमुख | श्री धर्मराज शाही | |
| नगर उप प्रमुख | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री उदयराम आचार्य | |
| वडा अध्यक्ष | श्री धुर्वराज सिम्खडा | |
| वडा अध्यक्ष | श्री राजेन्द्रनाथ योगी | |
| वडा अध्यक्ष | श्री दिनेश संज्याल | |
| वडा अध्यक्ष | श्री मन तिरुवा | |
| वडा अध्यक्ष | श्री कर्ण फर्साल | |
| वडा अध्यक्ष | श्री कपुर महतारा | |
| वडा अध्यक्ष | श्री धन बहादुर धामी | |
| कार्यवाहक वडा अध्यक्ष | श्री रत्ना देवी न्यौपाने | |
| कार्यपालिका सदस्य | श्री भैरे तिरुवा | |
| " | श्री दंगली सार्की | |
| " | श्री तारा वि क | |
| " | श्री भैपुरा बम शाही | |
| " | श्री उमा योगी | |
| " | श्री पुनम बम शाही | |
| " | श्री गोविन्द्रा सुनार | |
| सदस्य सचिव | महेश अधिकारी | |

प्रस्तावहरू:

१. जग्गा प्रशासनका लागि आवश्यक कर्मचारी व्यवस्थापन तथा पदपुर्ति सम्बन्धमा ।

२. ईलाका प्रहरी कार्यालय , स्युना रास्कोटको आवश्यक व्यवस्थापन सम्बन्धमा ।

३. आ.व. २०८२।०८३ को वार्षिक समिक्षा

४. लेक बस्ति सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा ।

५. विशेष अनुदान तर्फका शैक्षिक सामाग्री व्यवस्थापन सम्बन्धमा ।

६. ठेक्का म्याद थप सम्बन्धमा ।

निर्णय नं. १ नेपाल सरकार भूमी व्यवस्था सहकारी तथा गरिबी निवारण ,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आगामी आ.व. देखि स्थानीय तहमा भूमी प्रशासन सम्बन्धी कार्यका लागि स्थानीय तहहरुलाई आवश्यक प्राविधिक कर्मचारी तथा अन्य उपकरण व्यसवस्थापनको सुनिश्चितता गरेपश्चात मात्रै स्थानीय तहबाट भूमी प्रशासन तथा जग्गा प्रशासन सम्बन्धी कार्यलाई अगाडी बढाउने भनि पत्राचार गरेकाले भूमी प्रशासन सम्बन्धी कार्यसञ्चालनका आवश्यक पर्ने प्रशासन तर्फका कर्मचारी नगरपालिककाको मौजुदा जनशक्तिबाट व्यवस्थापन गर्ने र प्राविधिक कर्मचारी सर्भेक्षक पदमा सेवा करारबाट कर्मचारी पदपुर्ति गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने साथै उक्त कार्य सञ्चालनका लागि आवश्यक पर्ने भौतिक पुर्वाधार तथा उपकरणको व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ नेपाल सरकार गृहमन्त्रालयले रास्कोट नगरपालिका वडा नं. ५ स्युना स्थित "ख" श्रेणीको ईलाका प्रहरी कार्यालयको स्तरोन्नति भई "क" श्रेणी भएसँगै प्रहरी निरिक्षक (इन्सपेक्टर)को दरबन्दी थप गरी प्रहरी कर्मचारी पनि खटाईसकेकाले हाल सञ्चालनमा रहेको भवनमा पर्याप्त भौतिक संरचना नभएकाले कर्मचारीको आवासगृह व्यवस्थापन तथा कार्यालय भवनमा आवश्यक पर्ने फर्निचर लगायतका सामाग्रीको व्यवस्थापन रास्कोट नगरपालिकाले गरिदिने गर्ने निर्णय गरियो ।

निर्णय नं.३ रास्कोट नगरपालिकाको चालु आ.व. २०८२।०८३ मा सम्पादित गरेका योजना , कार्यक्रम तथा अन्य सार्वजनिक सेवा प्रवाहको वार्षिक प्रगति समिक्षा मिति २०८३।०३।२७ गते विहान ९ बजे कार्यपालिका सदस्य सहितको उपस्थितिमा रास्कोट नगरपालिकाको नगर सभाहलमा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ रास्कोट नगरपालिकाको वडा नं. ४ र ९ मा रहेका लेकबस्तिमा रहेको सार्वजनिक जग्गा अतिक्रमण गरि व्यक्तिगत प्रयोजनमा भोगचलन गर्दै आएको , खुल्ला चरिचरनका कारण बन जंङ्गलको विनास भईरहेको उक्त सार्वजनिक जग्गाको संरक्षण तथा व्यस्थापनका लागि लेकबस्तिमा रहेका जग्गाहरुको सिमांकन गरी छुट्याउने र उक्त क्षेत्रलाई पर्खाल वा काँडेतार लगाउन आवश्यक बजेट व्यवस्थापन गरी क्रमशः रुपमा सार्वजनिक जग्गालाई काँडेतार लगाउने निर्णय गरियो ।

निर्णय नं. ५ संघिय सरकार विशेष अनुदान अन्तर्गत शैक्षिक सुधार कार्यक्रमको ठेक्का मार्फत खरिद गरिएका शैक्षिक उपकरणहरु स्मार्ट बोर्ड, कम्प्युटर, प्रिन्टर लगायतका अन्य सामाग्रीहरु देहाय बमोजिमका विद्यालयहरुलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ रास्कोट नगरपालिकाको वडा नं. ५ कुमालकोटमा निर्माणाधिन १५ शैयाको अस्पताल निर्माण कार्य सम्पन्न गर्ने अवधि मिति २०८२।०८।३० सम्म रहेकोमा उक्त समयावधि भित्र विभिन्न कारणवश सम्पन्न हुन नसकेकाले म्याद थप गर्नका लागि प्राविधिक शाखाको टिप्पणीका आधारमा म्याद थप गर्नका लागि निवेदन मात्र पेश गरेको र निज निर्माण व्यवसायीको पेश्की रकम असुल उपर गर्नु पर्ने भनि महालेखा प्रतिवेदनले बेरुजु औल्याएकाले उक्त पेश्की रकम असुल गरे पश्चात मात्र १(एक) वर्षको ठेक्का म्याद थप गर्ने निर्णय गरियो ।